आकाशवाणी समाचार

प्रमुख समाचारहरु

१) राष्ट्रपति द्रौपदी मुर्मु द्वारा गुजरात को एकता नगरमा राष्ट्रिय फिल्म पुरस्कार २०२४ प्रदान, प्रसिद्द अभिनेता अनन्त नाग दादा सहिब फल्के पुरस्कार द्वारा सम्मानित

२) उपराष्ट्रपति सी. पी. राधाकृष्णन द्वारा नयाँ दिल्लीमा ९ औँ इन्डिया अन्तर्राष्ट्रिय जल सप्ताह २०२६ को उद्घाटन

3) नेशनल पेमेन्ट्स कर्पोरेसन अफ इन्डिया अनुसार UPI मर्चेन्ट डिस्काउंट रेट मा लाग्ने GSTले साना व्यापारीहरूलाई भार नपार्ने र डिजिटल भुक्तानी महँगो नहुने

4) गृहमन्त्री अमित शाह द्वारा दिल्लीमा, तेश्रो राष्ट्रिय नार्कोटिक्स रोधी कार्य दल सम्मेलनको उद्घाटन

## राष्ट्रपति द्रौपदी मुर्मू: राष्ट्रिय चलचित्र पुरस्कार 2024

राष्ट्रपति द्रौपदी मुर्मूले अहिले बेलुकी एकता नगर गुजरातमा आयोजित ऐतिहासिक ७२ औँ राष्ट्रिय चलचित्र पुरस्कार समारोहमा विजेताहरूलाई सम्मान गर्नुभयो । चलचित्र जगतलाई सम्बोधन गर्दै राष्ट्रपति द्रौपदी मुर्मूले भारतीय सिनेमाको सांस्कृतिक सामर्थ्य र विविधतामा जोड दिनु भयो छ। भारतका विभिन्न भाषा, परम्परा र सामाजिक अनुभूतिहरूलाई प्रस्तुत गर्न सिनेमाको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गर्दै राष्ट्रपति मुर्मूले चलचित्रले विभिन्न क्षेत्रका मानिसहरूलाई जोड्न र देशको समृद्द सांस्कृतिक धरोहरलाई उजागर गर्न मद्दत पुऱ्याउने बताउनुभयो। सूचना तथा प्रसारण मन्त्रालयको नयाँ नीतिअनुरूप 'एक भारत, श्रेष्ठ भारत' को भावनालाई प्रवर्द्धन गर्न पहिलोपटक यो समारोह राजधानी दिल्लीबाहिर आयोजना गरिएको हो। सो क्रममा दिग्गज अभिनेता अनन्त नागलाई २०२४ को दादासाहेब फाल्के पुरस्कारबाट सम्मानित गरियो सूचना तथा प्रसारण मन्त्रि अस्विनी वैष्णवले भारतको 'जी-२०' अध्यक्षतापछिको अवधारणाबाट प्रेरित भई राष्ट्रिय चलचित्र पुरस्कारलाई नयाँ पर्यटकीय स्थलहरूमा लैजाने नीति लिइएको बताउँदै उहाँले भन्नुभयो

## उपराष्ट्रपति: इन्डिया अन्तर्राष्ट्रिय जल सप्ताह २०२६ को उद्घाटन

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले नयाँ दिल्लीमा ९ औँ इन्डिया अन्तर्राष्ट्रिय जल सप्ताह २०२६ को उद्घाटन गर्नुभएको छ। जलवायु उत्थानशील एवं जल व्यवस्थापन' नाराका साथ सुरु भएको यो पाँच दिने अन्तर्राष्ट्रिय कार्यक्रममा उपराष्ट्रपतिले पानीको उचित र सतर्कतापूर्वक प्रयोग गर्दै यसको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो।

जलवायु परिवर्तनका कारण वर्षाको ढाँचा अनिश्चित बन्दै गएको भन्दै उहाँले कुनै पनि निकाय वा राज्यले एक्लै जल संकट समाधान गर्न नसक्ने स्पष्ट पार्नुभयो। उहाँले नदी फाँटहरुको व्यवस्थापन, भूमिगत जल पुनर्भरण, आकाशे पानी संकलन र सिँचाइलाई एकीकृत रूपमा अघि बढाउन बहुपक्षीय सहयोगको आह्वान गर्नुभयो।

कार्यक्रममा जलशक्ति मन्त्री सी.आर. पाटिलले जल सुरक्षालाई साझा जिम्मेवारी भन्दै सरकार प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी पुऱ्याउन प्रतिबद्ध रहेको बताउनुभयो।

*******************

## सरकार र नेशनल पेमेन्ट्स कर्पोरेसन अफ इन्डिया : MDR

नेशनल पेमेन्ट्स कर्पोरेसन अफ इन्डियाले UPI मर्चेन्ट डिस्काउंट रेट मा लाग्ने GST ले साना व्यापारीहरूलाई भार नपार्ने र डिजिटल भुक्तानी महँगो नहुने स्पष्ट पारेका छ। मिडिया रिपोर्टहरूलाई गलत ठह्र्याउँदै NPCI ले स्पष्ट गरेको छ कि MDR केवल दुई हजार रुपैयाँभन्दा माथिका व्यापारी भुक्तानीमा मात्र लागू हुन्छ, जबकि २,००० रुपैयाँसम्मका ९६ प्रतिशतभन्दा बढी कारोबारमा शून्य MDR कायम छ। साथै, मासिक १ लाख रुपैयाँसम्मको UPI कारोबार गर्ने साना व्यापारीहरूले MDR तिर्नुपर्दैन भने व्यापारीले तिरेको GST लाई बिक्रीमा लाग्ने करसँग इनपुट ट्याक्स क्रेडिटका रूपमा समायोजन गर्न सकिनेछ।

******************

अमित शाह : NCB सम्मेलनको उद्घाटन

गृहमन्त्री अमित शाहले नयाँ दिल्लीमा, राज्य र केन्द्रशासित प्रदेशका प्रमुखहरूको सहभागीता रहेको तेश्रो राष्ट्रिय नार्कोटिक्स रोधी कार्य दल सम्मेलनको उद्घाटन गर्नुभयो। यो सम्मेलन "संयुक्त सङ्कल्प, साझा जिम्मेवारी" नाराका साथ आयोजित दुई दिने सम्मेलन *भिजन डकुमेन्ट (२०२६–२९) का लक्ष्य र लागूऔषध नियन्त्रण माथि केन्द्रित छ। यस अवसरमा श्री शाहले राष्ट्रिय नार्कोटिक्स ब्युरोको नयाँ वेबसाइट, चारवटा जनचेतनामूलक टीभी विज्ञापन र लखनउ तथा देहरादूनमा क्षेत्रीय कार्यालय परिसरको शिलान्यास गर्नुभयो। सन् २०४७ सम्ममा 'विकसित भारत' को सपना पूरा गर्न देशलाई लागू औषध मुक्त बनाउने लक्ष्यका साथ सरकारले 'मिसन मोड' मा काम गरिरहेको यो सम्मेलन बताएको छ ।

****************

<u>सेवा संकल्प :</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले, जनसेवाबाट देशसेवा, मन्त्रका साथ सार्वजनिक सेवामा २५ वर्ष पूरा गर्नुभएको छ। सेवा र सुशासनको सिद्धान्तबाट प्रेरित भई सरकारले सन् २०४७ सम्ममा विकसित भारतको लक्ष्य हासिल गर्न निरन्तर काम गरिरहेको छ। समावेशी विकास र सामाजिक सबलीकरणमार्फत सर्वसाधारणको जीवनस्तरमा रूपान्तरण ल्याउने यसै परिकल्पनालाई गभर्नमेन्ट ई-मार्केटप्लेस (GeM) मार्फत कसरी व्यवहारमा उतारिएको छ

भाइरल भिडियो : सरकारले पूर्ण रूपमा फर्जी पुष्टि

सामाजिक सञ्जालमा प्रधानमन्त्री नरेन्द्र मोदीले पुराना नोट र सिक्का खरिद गर्नेसम्बन्धी घोषणा गरेको भनी भाइरल भएका भिडियोहरूलाई भारत सरकारले पूर्ण रूपमा फर्जी पुष्टि गरेको छ। प्रेस इन्फर्मेशन ब्यूरोको 'फ्याक्ट चेक युनिट' का अनुसार आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिको प्रयोग गरी यी नक्कली भिडियोहरू बनाइएका हुन्। प्रधानमन्त्री वा सरकारद्वारा यस्तो कुनै पनि योजना वा घोषणा नगरिएको स्पष्ट पार्दै सरकारले नागरिकहरूलाई यस्ता भ्रमपूर्ण तथा लोभलाग्दा भिडियो र लिङ्कहरू सेयर नगर्न तथा आधिकारिक स्रोतको मात्र विश्वास गर्न आग्रह गरेको छ।

***************

मलेसिया भ्रमण: जाने भारतीय नागरिकहरूलाई पर्यटकीय एडभाइजरी

क्वालालम्पुरस्थित भारतीय उच्चायोगले मलेसिया भ्रमणमा जाने भारतीय नागरिकहरूलाई पर्यटकीय भिसा (वा ३० दिने भिसामुक्त सुविधा) मा काम नगर्न चेतावनी दिँदै ट्राभल एडभाइजरी जारी गरेको छ। केही व्यक्तिहरू ठग एजेन्टहरूको झुटा प्रलोभनमा परी मलेसिया पुगेर गैरकानुनी रूपमा रोजगारी खोज्दा ठगी, पक्राउ र कानुनी कारबाहीको जोखिममा परेको उच्चायोगले जनाएको छ। उच्चायोगका अनुसार ३० दिने भिसामुक्त सुविधा केवल भ्रमण र सामाजिक यात्राका लागि मात्र लागू हुन्छ। मलेसिया जाने वास्तविक पर्यटकहरूसँग कम्तीमा ६ महिनाको म्याद भएको पासपोर्ट, फर्किने निश्चित हवाई टिकट, होटल बुकिङ र आगमनको ३ दिनअघि भरिएको 'मलेसियन डिजिटल एराइभल कार्ड' जस्ता वैध कागजातहरू हुनु अनिवार्य छ।

***************

प्रमुख समाचार पुनः एकपटक

१) राष्ट्रपति द्रौपदी मुर्मु द्वारा गुजरात को एकता नगरमा राष्ट्रिय फिल्म पुरस्कार २०२४ प्रदान,प्रसिद्द अभिनेता अनन्त नाग दादा सहिब फल्के पुरस्कार द्वारा सम्मानित

२) उपराष्ट्रपति सी. पी. राधाकृष्णन द्वारा नयाँ दिल्लीमा ९ औँ इन्डिया अन्तर्राष्ट्रिय जल सप्ताह २०२६ को उद्घाटन

3) नेशनल पेमेन्ट्स कर्पोरेसन अफ इन्डिया अनुसार UPI मर्चेन्ट डिस्काउंट रेट मा लाग्ने GSTले साना व्यापारीहरूलाई भार नपार्ने र डिजिटल भुक्तानी महँगो नहुने

4) गृहमन्त्री अमित शाह द्वारा दिल्लीमा, तेश्रो राष्ट्रिय नार्कोटिक्स रोधी कार्य दल सम्मेलनको उद्घाटन